विद्यालयको कोड नं ५२००४०००१

इमेल : janakalyan2032@gmail.com

सम्पर्क नं ९८६६०७२७०८


# श्री जनकल्याण माध्यमिक विद्यालय

## ऐरावती गाउँपालिका-२ रानीबास प्यूठान

### स्थापना : २०३२

पत्र संख्या :२०८३/०८४ मिति :-२०८३/०५/१५

चलानी नं १६०

जो जससँग सम्वन्ध राख्दछ ।

विषय : सरुवा सहमतिका लागि दरखास्त आहावान सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा ऐरावती गाउँपालिकाको शिक्षा यूवा तथा खेलकूद शाखा बरौला प्यूठानको च.नं.२०९ को मिति २०८३/०५/११ गतेको प्राप्त पत्र अनुसार र वि.व्य.स.को मिति २०८३/०४/०८ गतेको निर्णय अनुसार यस श्री जनकल्याण माध्यमिक विद्यालय ऐरावती २ रानीवास प्यूठानमा प्राथमिक तह तृतीय श्रेणी शिक्षक पद रिक्त रहेको हुँदा शिक्षा नियमावली (दशौ संशोधन) २०८३ को नियम ९९ बमोजिम उक्त दरवन्दीमा शिक्षक सरुवा पदपूर्ति गर्न सम्वन्धित तहमा सरुवाको लागि योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रसम्म कार्यालय समयभित्र सरुवाका लागि दरखास्त आहावान गरिएको छ ।

रिना बुढामगर
प्रधानाध्यापक

पेश गर्नुपर्ने कागजातहरु :

१.सरुवाको लागि हस्तलिखित निवेदन

२.नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३.आफ्नो सेवा अवधि खुल्ने कागजातहरु

४.स्थायी र अस्थायी नियुक्ति पत्रका प्रमाणित प्रतिलिपिहरु

५.शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु

६.हाल कार्यरत विद्यालय र स्थायी तहमा हालको पदमा शुरु हाजिर भएको कागजात

७.असाधारण तथा वेतलवी विदा लिएको/नलिएको सम्वन्धित कागजातहरु शिक्षा विकाश तथा समन्वय एकाइबाट प्रमाणित प्रतिलिपि

८.कार्यरत विद्यालयको वि.व्य.स.को सरुवा सहमति निर्णय प्रमाणित प्रतिलिपि

९.सम्वन्धित स्थानिय तहको सरुवा सहमति पत्र

१०.सम्वन्धित जिल्लाको शिक्षा विकाश तथा समन्वय एकाइको सरुवा सिफारिस पत्र

११.विशेष अवस्थाका शिक्षकको हकमा सो खुल्ने प्रमाणपत्र वा प्रमाणित कागजात

१२.शिक्षा नियमावली ५९ (दशौ संशोधन २०८३) वमोजिम प्राथमिकता दावि गर्ने प्रमाणका कागजातहरु

१३. शिक्षा नियमावली २०५९ को अनुसूचि १७ वमोजिमको फाराम तथा शिक्षा नियमावलि (दशौ संशोधन २०८३)

को नियम ९९ सरुवा सम्वन्धि व्यवस्था अनुसार कानुन वमोजिम एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन आवश्यक सम्पूर्ण कागजातहरु निर्धारित समयभित्र प्राप्त निवेदनहरु माथि नियमानुसार आवश्यक मुल्याङ्कनका आधारमा सर्वोत्कृष्टलाई सरुवा सहमति प्रक्रिया अगाडि बढाउने व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ :

१.श्री शिक्षा विकाश तथा समन्व एकाइ प्यूठान - जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि

२.श्री शिक्षा यूवा तथा खेलकूद शाखा बरौला प्यूठान - जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि

३.श्री जनकल्याण माध्यमिक विद्यालयको सुचना पाटी तथा वेवसाइटमा

**नोट :अनलाइन आवेदन दिन चाहाने शिक्षकले आफ्नो सम्पूर्ण कागजातहरु स्पष्ट स्क्यान गरी पि.डि.एफ.फाइल बनाई विद्यालयको इमेल janakalyan2032@gmail.com मा पठाउन अनुरोध छ । साथै रित नपुगेको र म्याद नाघि आएको निवेदन विद्यालयमा दर्ता गरिने छैन ।**